## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु डा. संजय शर्मा, भिम प्र. उपाध्याय, गजेन्द्र कुमार ठाकुर, मुकुन्दप्रसाद पौडेल, रुद्र सिंह तामाङ्ग, चन्द्रबहादुर थापा, धनश्याम भट्टराई, रामचन्द्र देवकोटा, सुर्य राज कडेल, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, वेगनाथ पौडेल, केदारप्रसाद अर्याल, भोजविक्रम थापा, शिवकुमार शर्मा, Mr | सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादी डा. संजय शर्मा र मुकुन्दप्रसाद पौडेलको हकमाः निज प्रतिवादी उपर कुल बिगो रू.६,९७,८३,१७८।९६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी निज डा. संजय शर्मा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिम मेलम्ची खानेपानी विकास समितिका अध्यक्ष तथा नेपाल सरकारको विशिष्ट श्रेणीका सचिव पदमा रही उक्त कसुरमा संलग्न रहेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादी भिमप्रसाद उपाध्यायको हकमाः निज प्रतिवादी उपर कुल विगो रू.४,११,३४,२७९।९२ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी निज भिम प्रसाद उपाध्याय भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा | **फैसलाः**<br>प्रतिवादीहरुलाई आषलस सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• **प्रतिवादी डा. संजय शर्मा (तत्कालीन सचिव/अध्यक्ष) हकमाः** विवादित भुक्तानी निज प्रतिवादी कार्यकाल सुरु हुनु अघि नै भइसकेको र मन्त्रालय/बोर्डको नीति र निर्णय मात्र कार्यान्वयन गरेको भन्ने देखिएको साथै निजले स्वेच्छाले कुनै रकम भुक्तानी गरेको र सरकारी सम्पत्तिमा व्यक्तिगत बदनियतबाट क्षति पुर्याएको भन्ने मिसिल संलग्न प्रमाण कागजवाट नदेखिएको ।<br>• **प्रतिवादी भीमप्रसाद उपाध्याय (तत्कालीन सचिव/अध्यक्ष) को हकमाः** निज प्रतिवादी **आफ्नो** कार्यकालमा रहँदा केवल परामर्शदाता र बोर्डको सिफारिस अनुसार मात्र हस्ताक्षर गरेको साथै निजको व्यक्तिगत संलग्नता वा बदनियत रहेको भन्ने मिसिल संलग्न प्रमाण कागजवाट नदेखिएको ।<br>• **प्रतिवादी मुकुन्दप्रसाद पौडेल (बोर्ड सदस्य) को हकमाः** निज केवल बोर्ड सदस्यको हैसियतमा सामूहिक निर्णयमा सहभागी भएको, निज प्रतिवादीको भुक्तानीको प्रत्यक्ष जिम्मेवारी नभएको साथै निजले सम्झौतामा आधारित सिफारिसलाई मात्र अनुमोदन गरेको र व्यक्तिगत स्वार्थ वा लाभ लिएको भन्ने अवस्था नदेखिएको ।<br>• **प्रतिवादी रुद्रसिंह तामाङ (बोर्ड सदस्य) को हकमाः** निजले बोर्डका सामूहिक निर्णय अनुसार मात्र काम गरेको साथै नगद भुक्तानी गर्ने अधिकार कार्यकारी निर्देशकमा रहेको र जिजले कुनै अनियमित भुक्तानीमा प्रत्यक्ष भूमिका रहेको भन्ने प्रमाणित हुन नसकेको । | • प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा संकलित विभिन्न मितिमा प्राप्त भएका पत्रहरु, सम्झौता, मेलम्ची खानेपानी विकास समितिबाट प्राप्त प्रतिक्रिया, संचालक समिति (बोर्ड) बैठकका माइन्युटहरु, निर्माण व्यवसायी (CMC) को केन्द्रीय कार्यालयको प्रतिक्रियाहरु, परामर्शदाता (Eptisa र BET J/V) को हेड अफिसको प्रतिक्रिया, संलग्न पदाधिकारीहरुको बयान, दावी प्रमाण, बिल, भौचरहरु, भुक्तानी प्रक्रिया, स्पेसिफिकेसन, राष्ट्रिय सतर्कता केन्द्रको प्राविधिक परीक्षणको Non-Conformance Report (NCR-6), महालेखा परीक्षकको प्रतिवेदनमा उठाइएका विषयहरुसमेतका प्रमाण कागजातहरुको आधारमा चिनिया निर्माण व्यवसायी सिनो हाइड्रोले काठमाडौं उपत्यकामा मिति २०७७।१२।१५ मा मात्र पानी पहिलोपटक ल्याएको तथ्यबाटै काठमाडौंमा पानी ल्याउन भनी तोकिएका Mile Stone हरु क्रमशः मिति २०७३।०६।१४, २०७४।०७।१४, २०७५।०६।१४ र २०७५।१०।२७ मा पूरा नहुनुमा हचुवाको भरमा बिना विश्लेषण उक्त Mile Stone तय गरेको पुष्टि हुन्छ। ठेक्का सम्झौता तथा मौजुदा कानूनको परिधिभित्र नरही निर्माण व्यवसायीको क्षमता तथा नगद प्रवाह कमजोर भएको कारण आयोजनाको प्रगति सुस्त भएको थाहा हुँदाहुँदै सम्झौताको प्रावधान तथा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानूनी व्यवस्थाको विपरीत हुने गरी निर्माण व्यवसायीलाई आर्थिक लाभ हुने गरी काम कारबाही गरेको देखियो। उपरोक्त विस्तृत तथ्यबाट सार्वजनिक खरिद एवं ठेक्का व्यवस्थापन सम्बन्धी जिम्मेवारी निर्वाह गर्दा विधिसम्मत भएको ठेक्का सम्झौता, मौजुदा कानून तथा सार्वजनिक सम्पत्तिको राष्ट्रलाई नोक्सानी नहुने गरी विवेकसम्मत रुपमा प्रयोग गर्ने गरी नियुक्त गरिएका सार्वजनिक संस्थाका सार्वजनिक जवाफदेहीको पदधारण गरेका पदाधिकारीहरुबाटै विभिन्न गलत तथा अनियमित कार्य भई तपसिल बमोजिम सरकारी सम्पत्तिको लापरबाहीपूर्वक हानिनोक्सानी र दुरुपयोग हुन गएको देखिन्छ।<br>• ठेक्का सम्झौता र सार्वजनिक खरिद ऐन, २०६३ मा समेत प्रावधान नभएको अवस्थामा २० जुन २०१६ मा Memorandum of Understanding (MOU1) को पर्चा खडा गरी नेपाल सरकारले एसियाली विकास बैंकबाट ऋणमा लिएको रकम सम्झौता विपरीत तथा कानूनले तोकेभन्दा बढी (>२०%) ठकेदारलाई दुई किस्तामा अतिरिक्त मोबिलाईजेसन पेश्की (Additional Advance payment in two installment )दिने कार्य भएको देखियो। यसैगरी १७ फेब्रुअरी २०१७ मा दोश्रो पटक Memorandum of Understanding (MOU2) गरी निर्माण व्यवसायीले Value Engineering गर्न लागेको कारण देखाई Additional Advance Payment दिएको तर यो कार्य लापरवाहीपूर्ण तरिकाले र अन्तर्राष्ट्रिय विधि नअपनाई टनेलिङ्ग गर्दा Squeezing of Tunnel को घटना हुनु, Insurance Company ले समेत क्षतिको Coverage नगर्नु, छिटोको नाममा Doweling without grouting गरी जोखिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | Yiran Mei, Abdus Shabur र Rornano Paoletti<br>मु.नं (०८०-CR-०१५१)<br>फैसला मिति २०८१।०५।१६ | | २४ बमोजिम मेलम्ची खानेपानी विकास समितिका अध्यक्ष तथा नेपाल सरकारको विशिष्ट श्रेणीका सचिव पदमा रही उक्त कसुरमा संलग्न रहेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादी गजेन्द्रकुमार ठाकुरको हकमा: निज प्रतिवादी उपर कुल बिगो रू.६०,४९,१९,८८४।३१ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ उपदफा (१) र दफा ३ उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी निज गजेन्द्र कुमार ठाकुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिम मेलम्ची खानेपानी विकास समितिका अध्यक्ष तथा नेपाल सरकारको विशिष्ट श्रेणीका सचिव पदमा रही उक्त कसुरमा संलग्न रहेका देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादी रुद्रसिंह तामाङको हकमा: निज प्रतिवादी उपर कुल बिगो रू.११,०९,१७,४५८।८८ (अक्षरेपि एघार करोड नौ लाख सत्र हजार चार सय अन्ठाउन्न पैसा अठासी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा | • **प्रतिवादी घनश्याम भट्टराई (कार्यकारी निर्देशक) हकमाः** निजले विवादित भुक्तानीहरू परामर्शदाता र बोर्डको सिफारिसपछि मात्र स्वीकृत गरेको भन्ने देखिएको साथै अतिरिक्त अग्रिम (Advance Payment) सम्बन्धी सबै सम्झौता (MoU) बोर्ड र मन्त्रालयको उपस्थितिमा भएको भन्ने देखिएको।<br>• **प्रतिवादी चन्द्रबहादुर थापा (बोर्ड सदस्य) को हकमाः** निजको भुक्तानी/समायोजन गर्ने अधिकार नभएको, केवल निर्णयमा सहभागी भएको साथै निज प्रतिवादीले कुनै व्यक्तिगत लाभ लिएको भन्ने प्रमाणित<br>• **प्रतिवादी मणिभद्र न्यौपाने (लेखा उप-सचिव) को हकमाः** निजले केवल भुक्तानी कागजात परीक्षण गर्ने प्राविधिक काम मात्र गरेको भन्ने देखिएको र अन्तिम स्वीकृति कार्यकारी निर्देशकले गर्ने भएकाले प्रत्यक्ष जिम्मेवारी भएको भन्ने नदेखिएको ।<br>• **प्रतिवादी रामचन्द्र न्यौपाने (लेखा अधिकृत) हकमाः** निजको भुक्तानी स्वीकृति गर्ने अधिकार नभएको साथै निज प्रतिवादीले कागजात लेखा परीक्षण मात्र गरेको साथै निजको कुनै बदनियतपूर्ण गतिविधि वा व्यक्तिगत संलग्नता रहेको भन्ने अवस्था नदेखिएको<br>• **प्रतिवादी केदारप्रसाद अर्याल (लेखा उप-सचिव) को हकमाः** निजको भूमिका कागजी परीक्षण मात्रमा सीमित रहेको भन्ने अवस्था देखिएको निजको कुनै बदनियतपूर्ण गतिविधि वा व्यक्तिगत संलग्नता रहेको भन्ने अवस्था नदेखिएको<br>• **प्रतिवादी वेगनाथ पौडेल (लेखा उप-सचिव) को हकमाः** निजले लेखा परीक्षणकर्ताको हैसियतमा मात्र काम गरेको साथैकुनै रकम भुक्तानी गर्ने निर्णयमा सहभागी नभएको साथै निजले कुनै अनियमितता वा भ्रष्टाचारमा प्रत्यक्ष संलग्नता रहेको भन्ने मिसिल संलग्न प्रमाणवाट प्रमाणित हुन नसकेको<br>• **प्रतिवादी भोजबिक्रम थापा (सिनियर डिभिजनल इन्जिनियर)को हकमाः** निजको भूमिका प्राविधिक मूल्यांकन र रिपोर्टिङमा मात्र सीमित रहेको भन्ने | बढाउनु र सोबापत Doweling with grouting सरह पूरै भुक्तानी दिनुले सरकारलाई आर्थिक फाइदा हुनुको सट्टा उल्टै नोक्सानी भएको पाइएकोले Value Engineering नभई Value Engineering को नाममा निर्माण व्यवसायीलाई फाइदा पुग्ने गरी अतिरिक्त पेश्की रकम दिएको पुष्टि हुन आयो।<br>• ठेक्का सम्झौताबाट परामर्शदातालाई दिएको अधिकारबमोजिम निर्माण व्यवसायीबाट पेश भएको बिल चेक गरी पुष्ट्याईसहित रनिङ्ग बिल (IPC) भुक्तानीको लागि सिफारिस गर्न समय लाग्ने भएकोले कार्य संचालनमा सहजता ल्याउन Provisional Payment against submitted contractor Bill दिन सक्ने तर सो बिलको अन्तिम चेकजाँच गरी समायोजन गरिहाल्नुपर्ने हुन्छ। सम्झौताको प्रावधानबमोजिम प्रत्येक भुक्तानी परामर्शदाताको सिफारिसबमोजिम रनिङ्ग बिल (IPC) मार्फत नै हुने हुँदा रनिङ्ग बिल IPC 39 मार्फत भएको PROVISIONAL PAYMENT त्यसपश्चात पेश भएको वा हुने बिलबाट समायोजन वा कट्टी गर्नुपर्नेमा परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीको लागि पेश भएको सो पछिका कुनै पनि Bill मा समायोजन गरी Provisional Payment वापतको रकम असुली गरेको देखिएन। जसको कारण सरकारलाई रु.१०,००,००,०००।- (रु.दस करोड) प्रत्यक्ष हानिनोक्सानी भएको र निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको देखियो।<br>• June 8, 2016 सम्ममा परामर्शदाताको पत्रानुसार CMC de Ravena ले नियमानुसार ठेक्का सम्झौता तोडिएको निर्माण व्यवसायी M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV बाट जफत भएका घर,निर्माण सामग्री, मेशिन तथा उपकरणहरुको प्रयोग समबन्धमा ठेक्का सम्झौता गर्नुपूर्व मिति ११,१२,१४ जुलाई २०१३ मा संयुक्त बैठकबाट सहमति जनाएको तथा मिति June 8, 2016 मा निर्माण व्यवसायी CMC di Ravenna ले Rental Fix गर्ने क्रममा आफनो सहमति नरहेकोले Claim मा जान सक्ने हुँदा रनिङ्ग बिल IPC बाट कट्टी नगरिदिनहुन भनी पत्राचार गरिएको पत्राचारबमोजिम ति सामग्री/मेसीन/घरटहराको प्रयोगवापतको रू.११,६६,०२,४३७।३१ र तत्पश्चात मिति November 19, 2018 सम्म निरन्तर प्रयोग गरेवापतको थप रकम रू.१६,००,४५,९१६।०२ समेत असूल उपर गरि लिन नसक्नुमा परार्शदाता र मेलम्ची व्यवस्थापन पक्षको लापरबाही कारक तत्व भएको देखिन आयो। प्रत्येक IPC मा Rental charge मूल्याङ्कन गर्दै बिलबाट कट्टी गरी असूल उपर गर्नुपर्ने दायित्व परामर्शदाता तथा व्यवस्थापन पक्षले निर्वाह गरेको देखिएन। जसबाट जम्मा रू.२७,६६,४८,३५३।३३ बराबरको सरकारी सम्पत्ति राज्यलाई नोक्सानी पुगेको तथा ठेकेदार पक्षलाई लाभ पुऱ्याएको देखियो ।<br>• Sundarijal Tunnel Squeezing & collapse को पुनर्स्थापना कार्यको भरपाई विमा कम्पनीबाट नहुने अवस्थामा भेरिएसन नं. १३ स्वीकृत नगरी निर्माण व्यवसायीकै कारणले सृजित खर्चको भुक्तानी रू.१०,१०,००,४१०।४९ र सम्झौताको शर्त विपरीत मेलम्चीस्थित भिमकाली गणमा भएको निर्माण कार्यको रकम रु.५९,५८,८१६।१५ |

सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।

- <u>प्रतिवादी चन्द्रबहादुर थापाको हकमा</u>: निज प्रतिवादी उपर कुल बिगो रू.७१,५८,३७,६४३।१९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।
- <u>प्रतिवादी घनश्याम भट्टराईको हकमा</u>: निज प्रतिवादी उपर कुल बिगो रू.२२,७५,१९,८९६।१९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३को उपदफा (१)को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी निज घनश्याम भट्टराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिम मेलम्ची खानेपानी विकास समितिका सदस्य-सचिव तथा महाप्रवन्धक सरह कार्यकारी निर्देशक पदमा रही उक्त कसुरमा संलग्न रहेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९

देखिएको निजको प्रस्तुत मुद्दामा कुनै व्यक्तिगत संलग्नता वा बदनियत रहेको भन्ने नदेखिएको

- **प्रतिवादी गजेन्द्रकुमार ठाकुर, सूर्यराज कँडेल, रामचन्द्र देवकोटा, शिवकुमार शर्मा, EPTISA, BETS र CMC di Ravenna समेत जम्मा सात (७) जना प्रतिवादीहरुको हकमा**: निजहरुले Variation Order, Rental Charge, Provisional Payment, नयाँ दररेट तथा Rectification नगरेको भएतापनि निजहरुको आंशिक जिम्मेवारी को भूमिका रहेको भन्ने देखिएको।

समेत गरी IPC 34 अन्तर्गत भेरिएसन शीर्षकभित्र कायम कुल भुक्तानी रकम रु.१०,६९,५९,२२६।६४ सरकारी सम्पत्ति हानिनोक्सानी तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको देखियो।

- अपुरो कार्यको पूरा दररेटमा भुक्तानी दिने गरेको, नगरेको कार्यको समेत गलत मूल्याङ्कन गरी गराई रनिङ्ग बिल IPC हरु हचुवाको आधारमा तयार गरी सिफारिस गर्ने परामर्शदाता र भुक्तानी गर्ने व्यवस्थापन पक्षले रु.२८,१३,५८,२२०।३६ बढी भुक्तानी गरी सरकारलाई हानिनोक्सानी गराएको IPC 41 (Original) बाट देखिएकोमा निर्माण व्यवसायीले निर्माणस्थल छोडेसम्मको Valuation After Termination को पछिल्लो बिलहरुबाट रु.११,८२,१८,२५६ बढी भुक्तानी समायोजन भए पनि बाँकी रु.१६,३१,३९,९६३।८७ अझै असूल उपर हुनुपर्ने बाँकी नै रहेको देखियो। यसरी सम्झौता तथा प्रचलित कानूनमा प्रष्ट रहेको व्यवस्था विपरीत गई जम्मा रू.१६,३१,३९,९६३।८७ सरकारी सम्पत्ति हानिनोक्सानी तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको देखियो।
- निर्माण व्यवसायी CMC di Ravena ले 15 December 2018 मा साइट छोडि गए पछि मेलम्ची व्यवस्थापन पक्षले सम्झौताको कुनै शर्तमा द्विविधा भएमा मात्र परामर्शदाता राख्नुपर्नेमा कुनै द्विविधा नहुँदै आफूलाई मन्त्रिपरिषद् सरह अधिकार भएको भन्ने गलत अर्थ लगाई मेलम्ची बोर्डबाट सहमति लिई EDWARD CORBETT & Co सँग करार सम्झौताको मर्म विपरीत क्षेत्रगत शर्त (TOR) र कार्य अवधि नतोकि CMC को अनुपस्थितिबारे गर्नुपर्ने प्रक्रियाको लागि सल्लाह लिन भनी गरेको सम्झौता विषय दुषित मनसायबाट भएको देखियो। ठेक्का अन्त गर्ने भएपछि बोर्डको मिति २०७५।०९।०२ (Dec 17, 2018) को २८९औं बैठकको निर्णयबमोजिम निर्माण व्यवसायीका सबै बैंक जमानी जफत गर्ने गरी मिति २०७५।१०।२४ (7 February 2019, ref no 890/075-76) मा ठेक्का अन्त गरिएको भए पनि Employer तर्फबाट Employers Claim लिई सिंगापुरस्थित SIAC मा सम्झौताबमोजिम Arbitration मा जान निवेदन दिने वा नदिने सम्बन्धी कुनै सल्लाह सुझाव नदिएकोबाट मिति २०७५।१०।२४ पछि EDWARD CORBETT & Co. को परामर्श सेवाको औचित्य नभएको अवस्थामा समेत भुक्तानी दिई तपसिलबमोजिमको सरकारी हानिनोक्सानी गरे गराएको देखिन्छ।
- **तालिका-४**

Statement of Payment of EDWARD CORBETT & Co

| 2,018 | December | January,2019 | Fevruary | March | April | Paid Amount |
|---|---|---|---|---|---|---|
| claim ( Bill) US$ | १९,३२५ | २५,०१० | ४,४६५ | ६,०९० | १०,९२५ | |
| Amount , NRs | २,१२९,६१५ | २,७५६,१०२ | ४९२,०४३ | ६७१,११८ | १,२०३,९३५ | |
| | | | | | | |
| Payable | २,१२९,६१५ | २,७५६,१०२ | २४६,०२१.५० | | | ५,१३१,७३९ |
| Excess payment | | | २४६,०२१.५० | ६७१,११८ | १,२०३,९३५ | २,१२१,०७५ |
| | | | | | Total Paid Nrs | ७,२५२,८१३ |

- उल्लिखित तालिकाबाट February, 2019 देखि April, 2019 सम्म EDWARD CORBETT &

को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोप पत्र दायर भएको देखिन्छ।

- <u>प्रतिवादी रामचन्द्र देवकोटाको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.३२,३५,६१,६६३।९५ बिगो कायम गरी (अतिरिक्त पेस्की दिने कार्यमा संलग्न नरहेको हुँदा निजको हकमा ब्याज गणना नगरिएको) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३को उपदफा (१)को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी रामचन्द्र देवकोटा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिम मेलम्ची खानेपानी विकास समितिका सदस्य-सचिव तथा महाप्रबन्धक सरह कार्यकारी निर्देशक पदमा रही उक्त कसुरमा संलग्न रहेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहराको आरोपत्र दायर भएको देखिन्छ।
- <u>प्रतिवादी सूर्यराज कँडेलको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.८९,०८,९८,२८५।०५ (अक्षरेपि उनान्बे करोड आठ लाख अन्ठान्बे हजार दुई सय पचासी पैसा पाँच) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र

Co. लाई भुक्तानी भएको रकम रू.२१,२१,०७५।- सरकारी हानिनोक्सानी भएको प्रत्यक्ष प्रमाणबाट पुष्टि भएको देखिन्छ।

- यसरी प्रतिवादीहरूले मौजुदा कानून एवं सम्झौताको शर्तको जाना-जानी पालना नगरी ठेक्का व्यवस्थापन गर्दा ठेक्का व्यवस्थापनमा असक्षम देखिएको निर्माण व्यवसायीलाई अनुचित आर्थिक लाभ पुऱ्याई नेपाल सरकारको सम्पत्ति तथा रकम दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको देखिन आएको भनी प्रतिवादीहरू बिरुद्ध निम्न बमोजिमको कसुरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरू बाट असुल हुने बिगो (रू.मा) |
|---|---|---|---|---|
| १. | डा.संजय शर्मा | भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा १७ को कसुर | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम कैद र जरिबाना,<br>दफा १७ बमोजिम बिगो असुल,<br>दफा २४ बमोजिम थप सजाय | ६,९७,८३,१७८।९६ |
| २. | भीमप्रसाद उपाध्याय | ऐ.ऐ | ऐ.ऐ | ४,११,३४,२७९।९२ |
| ३. | गजेन्द्रकुमार ठाकुर | ऐ.ऐ | ऐ.ऐ | ६०,४९,१९,८८४।३१ |
| ४. | घनश्याम भट्टराई | ऐ.ऐ | ऐ.ऐ | २२,७५,१९,८९६।१९ |
| ५. | रामचन्द्र देवकोटा | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |
| ६. | सूर्यराज कँडेल | ऐ.ऐ | ऐ.ऐ | ८९,०८,९८,२८५।० |

दफा ३को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी निज सुर्य राज कँडेल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिम मेलम्ची खानेपानी विकास समितिका सदस्य-सचिव तथा महाप्रवनधक सरह कार्यकारी निर्देशक पदमा रही उक्त कसुरमा संलग्न रहेको देखिँदा ऐ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।

- <u>प्रतिवादी मणिभद्र न्यौपानेको हकमाः</u> निज प्रतिवादी उपर कुल बिगो रू.३२,३५,६१,६६३।९५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।
- <u>प्रतिवादी रामचन्द्र न्यौपानेको हकमाः</u> निज प्रतिवादी उपर कुल बिगो रकम रू.३२,३५,६१,६६३।९५ कायम गरि उक्त रकम असुल उपर नगरी सरकारी हानिनोक्सानी गराएको तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको हुँदा निज उपर रू.३२,३५,६१,६६३।९५ (अक्षरेपि बत्तिस करोड पैतीस लाख एकसट्ठी हजार छ सय त्रिसट्ठी पैसा पानचान्नबे) बिगो कायम गरी भ्रष्टाचार

| | | | | |
|---|---|---|---|---|
| | | | | ५ |
| ७. | मुकुन्दप्रसाद पौडेल | भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा १७ को कसुर | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम कैद र जरिबाना, दफा १७ बमोजिम बिगो असुल | ६,९७,८३, १७८।९६ |
| ८. | रुद्रसिंह तामाङ | ऐ.ऐ | ऐ.ऐ | ११,०९,१ ७,४५८।८ ८ |
| ९. | चन्द्रबहादुर थापा | ऐ.ऐ | ऐ.ऐ | ७१,५८,३ ७,६४३।१ ९ |
| १०. | मणिभद्र न्यौपाने | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६ १,६६३। 95 |
| ११. | रामचन्द्र न्यौपाने | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६ १,६६३। 95 |
| १२. | वेगनाथ पौडेल | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६ १,६६३। 95 |
| १३. | केदारप्रसाद अर्याल | ऐ.ऐ | ऐ.ऐ | ४४,७३,७ ३,०७२।८ ३ |
| १४. | भोजबिक्रम थापा | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६ १,६६३।९ ५ |
| १५. | शिव कुमार शर्मा | भ्रष्टाचार निवारण ऐन, | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को | ४८,३६,०७ ,५८०।८१ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• <u>प्रतिवादी बेगनाथ पौडेलको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रकम रू.३२,३५,६१,६६३।९५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराकव आरोपपत्र दायर भएको देखिन्छ।<br>• <u>प्रतिवादी केदारप्रसाद अर्यालको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.४४,७३,७३,०७२।८३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• <u>प्रतिवादी भोजबिक्रम थापाको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.३२,३५,६१,६६३।९५ कायम गरी</td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>२०५९ को दफा १७ को मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको</td><td>प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह</td><td></td></tr>
<tr><td>१६.</td><td>Eptisa Services De Ingenieris S.L. र BETS Consulting Services Ltd. जे.भी.</td><td>ऐ.ऐ</td><td>ऐ.ऐ</td><td>८७,५८,८३,३६०।०५</td></tr>
<tr><td>१७.</td><td>CMC di Ravenna</td><td>ऐ.ऐ</td><td>ऐ.ऐ</td><td>६५,१४,५७,४१०।८७</td></tr>
</table>
• उपरोक्त आधार कारण एवं तथ्य प्रमाण सहित प्रतिवादीहरु उपर निजहरुले गरेको कार्यको आधारमा भएको हानी नोक्सानीलाई जनही (प्रतिब्यक्ति) बिगो कायम गरि सजायको मागदावी लिई आरोप पत्र दायर गरिएकोमा विशेष अदालत काठमाण्डौबाट देहाय बमोजिम बिगो कायम हुने गरि केही प्रतिवादीहरुलाई आंशिक सजाय हुने र केही प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरि फैसला भएको देखिन आयो।<br>• प्रतिवादी गजेन्द्र कुमार ठाकुरको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने।<br>• प्रतिवादी सूर्यराज कंडेलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने।
</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल गरी पाऊँ भन्ने समेत व्यहोराकव आरोपपत्र दायर भएको देखिन्छ।<br>• <u>प्रतिवादी शिवकुमार शर्माको हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.४८,३६,०७,५८०।८१ (अक्षरेपि अठचालिस करोड छत्तिस लाख सात हजार, पाँच सय असी पैसा एकासी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिमको कसूरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै सजाय गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• <u>प्रतिवादी परामर्शदाता Eptisa Services De Ingenieris S.L. र BETS Consulting Services Ltd. जे.भी.को हकमा</u>ः निज प्रतिवादी उपर कुल बिगो रू.८७,५८,८३,३६०।०५ बराबरको रकम सरकारी हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको | | • प्रतिवादी रामचन्द्र देवकोटाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा सोही ऐनको दफा ३(१)(झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने।<br>• प्रतिवादी शिव कुमार शर्माको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्याँशमा उल्लेख भए बमोजिमको कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा उक्त ऐनको दफा ३(१)(झ) बमोजिम ८ वर्ष कैद निज प्रतिवादीको उमेर ६५ वर्ष नाघेको र ७० वर्ष नपुगेको देखिंदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम निज प्रतिवादीलाई २५% ले छुट दिईएको साथै निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम माथि उल्लिखित बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने।<br>• प्रतिवादी EPTISA को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्याँशमा उल्लेख भए बमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने।<br>• प्रतिवादी BETS को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने।<br>• प्रतिवादी CMC di Ravenna को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा बिगो रू.२६,११,०६,९९१/७९ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने।<br>• अन्य प्रतिवादीहरू **डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, घनश्याम भट्टराई, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, केदारप्रसाद अर्याल,** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुर गरेको हुँदा निजउपर रू.८७,५८,८३,३६०।०५ बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै जरिबाना तथा बिगो असुली गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>• निर्माण व्यवसायी प्रतिवादी CMC di Ravenna को हकमाः- निज प्रतिवादी उपर कुल विगो रू.६५,१४,५७,४१०।८७ बराबरको रकम सरकारी हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिमको कसुर गरेको हुँदा निजउपर रू.६५,१४,५७,४१०।८७ बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै जरिबाना तथा बिगो गरी पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०८१।०६।०७ मा फैसला हुँदा प्रतिवादी गजेन्द्र कुमार ठाकुरको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर | | **वेगनाथ पौडेल र भोजबिक्रम थापा**ले आरोप दाबीबाट सफाइ पाउने।<br>• उपरोक्त अनुसारको मागदावी भएको प्रस्तुत मुद्दामा विशेष अदालतबाट केही प्रतिवादीहरुलाई आरोप माग दावी भन्दा कम (आंशिक सजाय) सजाय हुने र केही प्रतिवादीहरुलाई आरोप दावीवाट पुर्ण सफाई दिने ठहर गरि भएको फैसलामा देहाय बमोजिम तथ्य प्रमाण एवं कानूनको विवेचना गरि प्रतिव्यक्ति पुनरावेदन जिकिर लिइएको छ।<br>• **मेलम्ची खानेपानी विकास समितिका तत्कालीन अध्यक्ष र खानेपानी मन्त्रालयका सचिव प्रतिवादी डा. संजय शर्मा हकमा हेर्दाः** प्रस्तुत मुद्दामा मेलम्ची खानेपानीको लागि Diversion Tunnel, Head Works आदिको कार्य निर्माण व्यवसायी CMC ले कार्यान्वयन गर्ने क्रममा स्थलगत निरीक्षण तथा अन्तर्क्रियाको आधारमा एडीबी मिसनको 5-16 April 2016 को रिपोर्टमा निर्माण व्यवसायी CMC de Ravena को आर्थिक अवस्था कमजोर रहेको भनी उल्लेख गरेको तथ्य औंल्याई निर्माण व्यवसायीले पछि यस प्रकारको कुनै आर्थिक सहयोग नचाहिने भनी उल्लेख गरेको सन्दर्भमा विभिन्न वैकल्पिक उपायहरु जस्तै छिटो बिल भुक्तानी गर्ने, रेट संशोधन वा नयाँ रेट सम्बन्धी निर्णय बाँकी भए सो गर्ने, भेरिएसन स्वीकृत गर्न ढिलाई नगर्ने, Credit Line अन्तर्गत रकम व्यवस्था गर्ने वा व्यवस्थापन पक्षले छिटो बिल भुक्तानी गर्ने, Disput Board को निर्णय कार्यान्वयन गर्ने जस्ता कार्य गरी सहजीकरण गर्नुपर्नेमा सो कुनै पनि कार्य तत्काल नगरी US $ 5.00 Million अतिरिक्त मोबिलाइजेसन पेश्की दुई चरणमा उपलब्ध गराउन अनुरोध गरेको भन्ने आधारमा व्यवस्थापन पक्षका कार्यकारी निर्देशक तथा बोर्डका सदस्य- सचिवले सम्झौताबमोजिम Provisional Payment against submitted bill को व्यवस्था नगरी US $ 5.00 Million को अतिरिक्त पेश्कीको एजेन्डा तयार गरी बोर्डसमक्ष पेश गरेको एजेन्डामा बोर्ड बैठकले वित्तीय सहजीकरण गर्न आवश्यक कार्य गर्न नीतिगत निर्देशन दिने निर्णय गरी कानून तथा सम्झौता विपरीत कार्य गरेको, निर्माण व्यवसायीले सम्झौताबमोजिम भेरिएसन, दावी (Referal from Disput Board), म्याद थप जस्ता सबै उपाय प्रयोग गर्ने गरेको तर सम्झौताबमोजिम निर्माण कार्य गर्न Cash Inflow Management गर्न नसक्ने भएपछि मेलम्ची खानेपानी विकास समितिको बोर्ड बैठकले नेपाल सरकार (मन्त्रिपरिषद्) वा संसदलाई मात्र भएको अधिकार प्रयोग गरी सार्वजनिक खरिद ऐन, २०६३ विपरीत बढीमा २०% मोबिलाइजेसन पेश्की दिई सकेपछि पनि थप पेश्की दिने निर्णय गरी व्यवस्थापन पक्षलाई कार्यान्वयन गर्न निर्देशन दिने तत्कालीन अध्यक्ष र खानेपानी मन्त्रालयका तत्कालीन सचिव डा. संजय शर्माले कानूनी व्यवस्था तथा सम्झौताको प्रावधानभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेश्की आदेश दिने र कानूनबमोजिम लाग्ने ब्याजसमेत असूल नगरी सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरे गराएको भन्ने देखिरहेको अवस्थामा विशेष अदालत काठमाण्डौंवाट प्रतिवादी डा. संजय शर्मा, तत्कालीन सचिव |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहर गरी फैसला भएको साथै अर्का प्रतिवादी सूर्यराज कंडेलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहरी फैसला भएको देखिन्छ ।प्रतिवादी रामचन्द्र देवकोटाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहरी फैसला भएको देखिन्छ साथै प्रतिवादी शिव कुमार शर्माको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांँशमा उल्लेख भए बमोजिमको कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा उक्त ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद निज प्रतिवादीको | | तथा समितिका अध्यक्ष, लाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा "निज प्रतिवादीको कार्यकाल सुरु हुनु अघि नै विवादित भुक्तानी सम्पन्न भइसकेको" भन्ने आधार ग्रहण गरी फैसला गरेको अवस्था देखिन्छ। मूलतः सार्वजनिक पदमा रहँदा सरकारी कोषको सुरक्षा र अवैध भुक्तानी रोक्ने वा तत्काल असुल गर्ने जिम्मेवारी अनिवार्य हुन्छ भन्ने कुरा Public acountability Doctrine अन्तर्गत स्थापित मूल कानूनी सिद्धान्त हो। यसरी, भुक्तानी पहिले भएको भए पनि आफ्नो पदावधिमा सो भुक्तानीको वैधता परीक्षण गर्ने, बढी रकम असुल गर्ने वा प्रावधान विपरीतको निर्णय सच्याउने कर्तव्य प्रतिवादीकै थियो भन्ने कुरामा कुनै विवाद देखिंदैन। ADB को Aid Memoire, मेलम्ची खानेपानी विकास समितिका लिखित पत्राचार तथा परामर्शदाताको रिपोर्टहरूमा विवादित भुक्तानी तथा बढी पेस्कीको बारेमा प्रष्ट चेतावनी दिइएको अवस्थामा समेत प्रतिवादीले कुनै आवश्यक सुधारात्मक कदम नचालेको भन्ने प्रस्तुत मुद्दामा प्रष्ट देखिरहेको अवस्थामा निज प्रतिवादीको कर्तव्यपालनमा लापरबाही मात्र होइन, जानाजानी मौन अनुमोदन (tacit approval) भएको प्रष्ट हुन्छ।यसैगरी, प्रमाण ऐन, २०३१ को दफा २८ (Burden of Proof) अनुसार प्रतिवादीले आफ्नो कार्य वैधानिक थियो भन्ने प्रमाण प्रस्तुत गर्नुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा प्रतिवादीले कार्यकालमा आफूले सुधारात्मक कदम चाल्यो वा बढी भुक्तानी असुल गरियो भन्ने विश्वसनीय प्रमाण पेस गर्न असफल भएको देखिन्छ। यसरी प्रमाण भार (onus of proof) पूरा नगरेको अवस्थामा अदालतले प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाण ऐन र स्थापित न्यायिक सिद्धान्त विपरीत छ। अतः, प्रतिवादी डा. संजय शर्मा सार्वजनिक पदमा रहँदा सरकारी कोषलाई सुरक्षित राख्ने कानूनी दायित्वबाट विमुख भई आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको प्रमाणित भईरहेको अवस्थामा निज प्रतिवादीलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदर भागी छ।<br>• **मेलम्ची खानेपानी विकास समितिका तत्कालीन अध्यक्ष र खानेपानी मन्त्रालयका सचिव प्रतिवादी भीमप्रसाद उपाध्याय को हकमा हेर्दाः** प्रस्तुत मुद्दामा एडीबी मिसनको ५-१६ April २०१६ को मेलम्ची निर्माणसम्बन्धी मिसन रिपोर्टमा निर्माण व्यवसायी (CMC) को आर्थिक अवस्था कमजोर रहेकोले तोकिएको गतिमा प्रगति हासिल गर्न एक पटकको लागि र पछि यस प्रकारको कुनै आर्थिक सहयोग नचाहिने प्रतिबद्धतामा US $ ५ Million अतिरिक्त मोबिलाइजेसन पेश्की दिएको कार्यको प्रगति सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेको, Rectification को कार्य नगरेको, गुणस्तर पनि सुधार गर्न नसकेको निर्माण व्यवसायीलाई कारबाही गर्नुको सट्टा निज निर्माण व्यवसायीलाई फरक ढंगले सहयोग गरी पुनः "भ्यालू इन्जिनियरिङ्ग प्रस्ताव" बमोजिम कार्य गर्न लागि खानेपानी मन्त्रालयका सचिव तथा समितिका अध्यक्ष भिम प्रसाद उपाध्यायले सम्झौता तथा कानूनले मान्यता दिन नमिल्ने MOU गरी सहमति गरेको आधारमा नेपाल सरकारले अपेक्षा गरेको समय सीमाभित्र मेलम्चीको पानी काठमाडौं ल्याउने प्रतिवद्धतासहित निर्माण व्यवसायी कम्पनीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उमेर ६५ वर्ष नाघेको र ७० वर्ष नपुगेको देखिंदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम निज प्रतिवादीलाई २५% ले छुट दिईएको साथै निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम माथि उल्लिखित बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने ठहरी फैसला भएको देखिन्छ साथै प्रतिवादी EPTISA को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्याँशमा उल्लेख भए बमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहरी फैसला भएको देखिन्छ।साथै प्रतिवादी BETS को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहर गरी फैसला भएको र अर्का प्रतिवादी CMC di Ravenna को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको | | प्रस्तावलाई कार्यान्वयन गर्न समझदारी भएबमोजिमको थप पेश्की रकम (US $३.० Million) उपलब्ध गराउन व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरेको देखिन्छ। यथार्थमा सम्झौताकै बखत काठमाडौंमा पानी ल्याउने समय सुनिश्चित भईसकेको र सम्झौताबमोजिम निजकै दायित्व रहेको स्पष्ट हुने अवस्थामा थप विवेक प्रयोग गरी निर्माण व्यवसायीलाई अस्थायी डाइभर्सनबाट भए पनि पानी ल्याउन र राज्यलाई आर्थिक लाभ नहुने Value Engineering को प्रस्ताव स्वीकार गरी थप आर्थिक सहुलियतको रुपमा अतिरिक्त पेश्की भुक्तानी सम्झौता विपरीत दिने निर्णय गरी सम्झौता तथा कानूनी अधिकार विपरीत निर्देशन दिई, सरकारी सम्पत्तिको नोक्सानी एवम् निर्माण व्यवसायीलाई लाभ पुर्‍याई भ्रष्टाचारजन्य कार्य गरेको भन्ने देखिएको यसरी निर्माण व्यवसायीको पछिल्लो प्रतिबद्धाताबमोजिम थप आर्थिक सहयोग दिनु नपर्ने शर्तमा पहिला नै उपलब्ध गरेको अतिरिक्त पेश्की रकमपश्चात काममा सहजीकरण गर्न भनी कार्यकारी निर्देशकबाट पेश भएअनुसार ३०(तिस) लाख अमेरिकी डलर (ने.रू.३२,२८,६०,०००।-) पुनः थप पेश्की दिएको कार्यले समझदारी भएभन्दा बढी थप पेश्की रकम उपलब्ध गराउन वाध्यात्मक निर्देशन दिई आफ्नो अधिकार तथा कानून विपरीत निर्णय गरी रू.३२,२८,६०,०००।- सरकारी सम्पत्ति बद्नियतपूर्वक हानिनोक्सानी र निर्माण व्यवसायीलाई लाभ पुर्‍याएको मा सो रकम बैंक जमानतसमेत बाट असुल उपर भए तापनि सोमा व्याजवापत लाग्ने ब्याज रु.४,११,३४,२७९।९२ (अक्षरेपि चार करोड एघार लाख चौतिस हजार दुई सय उनासी पैसा बयानब्बे) बिगो कायम गरी आरोप दावी वमोजिम नै सजाय गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादी भीमप्रसाद उपाध्याय, तत्कालीन सचिव तथा समितिका अध्यक्षलाई परामर्शदाता र बोर्डको सिफारिस अनुसार मात्र काम गरेको र निर्णय गर्ने अधिकार कार्यकारी निर्देशकसँग भएको आधारमा सफाइ दिएको छ, । मेलम्ची आयोजनासम्बन्धी MoU मा प्रतिवादी उपाध्यायको प्रत्यक्ष हस्ताक्षर देखिन्छ, जसले विवादित भुक्तानीमा उनको सक्रिय संलग्नता रहेको भन्ने कुरालाई प्रमाणित गर्दछ। त्यस्तै, ADB को Aid Memoire, परामर्शदाताको रिपोर्ट र बोर्ड बैठकका कार्यहरुले बढी भुक्तानी र असुल नगरेको तथ्य प्रष्ट देखाएको छ, जसको बारेमा प्रतिवादीलाई जानकारी हुँदाहुँदै पनि आवश्यक कदम चालिएको भन्ने मिसिल संलग्न प्रमाणवाट देखिन आउँदैन। प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार आफ्नो कार्य वैधानिक थियो भन्ने प्रमाण प्रस्तुत गर्नुपर्ने भार प्रतिवादीकै रहन्छ तर उनले सो भार पूरा गर्न सकेको अवस्था पनि देखिंदैन। साथै Documentary Evidence (MoU, IPC भुक्तानी कागजात, बोर्ड निर्णयहरू) र Circumstantial Evidence (मौन अनुमोदन, सहमति) ले उनको प्रत्यक्ष संलग्नता रहेको थियो भन्ने कुरालाई स्पष्ट देखाउँछ। यसरी विशेष अदालतवाट निज प्रतिवादीलाई सफाइ दिने ठहर गरी भएको फैसला प्रमाण,कानून र न्यायिक मान्यता विपरित देखिएकोले देखिएकाले उक्त फैसला त्रुर्टिपूर्ण रहि वदरभागी रहेको ।<br>• **मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य प्रतिवादी मुकुन्द प्रसाद पौडेलको हकमा** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा बिगो रू.२६,११,०६,९९१/७९ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिवाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहर गरी र अन्य प्रतिवादीहरू डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, घनश्याम भट्टराई, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, केदारप्रसाद अर्याल, वेगनाथ पौडेल र भोजबिक्रम थापाले आरोप दाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको देखिन्छ । | | **हेर्दाः** निज प्रतिवादी बोर्ड बैठकको निर्णयमा प्रत्यक्ष सहभागिता जनाएको देखिँदा निजउपर नियम विपरीत दिईएको अतिरिक्त मोविलाईजेसन पेश्की रकम अमेरिकी डलर ५० लाखको हुन आउने नेपाली रू.५३,६३,२५,०००।०० उपलब्ध गराई सो बरावरको रकम बैंक जमानतसमेत बाट असुल भए तापनि सोमा लाग्ने व्याज रु.६,९७,८३,१७८।९६ (अक्षरेपि छ करोड सन्तानव्वे लाख त्रियासी हजार एक सय अठहत्तर पैसा छयानव्वे) बिगो कायम गरी आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादी मुकुन्दप्रसाद पौडेल, तत्कालीन मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य, लाई "सामूहिक निर्णयमा मात्र सहभागी भएको र प्रत्यक्ष भुक्तानी गर्ने जिम्मेवारी नभएको" भन्दै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ अनुसार पनि कुनै निर्णय वा कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएर सहयोग, अनुमोदन वा सहजीकरण गर्ने सबै व्यक्तिहरू बराबर उत्तरदायी हुन्छन्। बोर्ड सदस्यका हैसियतले विवादित भुक्तानीसम्बन्धी निर्णयमा मौन सहमति (tacit approval) जनाउनु वा सही ठहर गर्नु नै संलग्नताको प्रमाण हो। साथै, ADB को Aid Memoire र परामर्शदाताको पत्रहरूमा बढी भुक्तानीबारे उठाइएको प्रश्नलाई बोर्डले छलफल गरी निर्णय गरेको देखिन्छ, तर प्रतिवादीले कुनै विरोध वा आपत्ति जनाएको भन्ने मिसिल संलग्न प्रमाणवाट नदेखिएको अवस्थामा विशेष अदालतवाट यि प्रतिवादीलाई सफाइ दिने ठहर गरी भएको फैसला प्रमाण ऐन र स्थापित कानूनी सिद्धान्त विपरीत भएकाले उक्त फैसला वदर गरी प्रतिवादी मुकुन्दप्रसाद पौडेललाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ ।<br>• **मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य प्रतिवादी रुद्र सिंह तामाङको हकमा हेर्दाः** निज प्रतिवादी मेलम्ची खानेपानी विकास समितिका तत्कालीन अध्यक्ष डा. संजय शर्मा र भिम प्रसाद उपाध्याय रहेको बोर्डमा काठमाडौं महानगरपालिकाबाट प्रमुखको हैसियतले बोर्ड सदस्यको रुपमा रहँदा रुद्र सिंह तामाङले बोर्डको २६३औं र २७०औं बैठकमा उपस्थित रही २६३औं बैठकबाट निर्माण व्यवसायी (CMC) को आर्थिक अवस्था कमजोर रहेकोले तोकिएको गतिमा प्रगति हासिल गर्न एक पटकको लागि र पछि यस प्रकारको कुनै आर्थिक सहयोग नचाहिने भनी US $ ५ Million अतिरिक्त मोबिलाइजेसन पेश्की दुई चरणमा उपलब्ध गराउन निर्माण व्यवसायीले अनुरोध गरेको विषयमा व्यवस्थापनको पक्षबाट सदस्य-सचिव तथा कार्यकारी निर्देशकले पेश गरेको एजेन्डामा बोर्ड बैठकले वित्तीय सहजीकरण गर्न आवश्यक कार्य गर्न नीतिगत निर्देशन दिने निर्णय गरी कार्यान्वयन गर्नको लागि कार्यकारी निर्देशकलाई स्वेच्छाचारी हुन प्रोत्साहन गरेको देखिएको र मिति २०७३।०३।०१ को बैठक संख्या २६३ को निर्णयबमोजिम वित्तीय सहजीकरण गर्न आवश्यक कार्य गर्न नीतिगत निर्देशन दिने निर्णय गरी प्राप्त अधिकार तथा सम्झौता/कानून विपरीत कार्य गरेको देखिएको अवस्थामा समितिका तत्कालीन अध्यक्ष डा. संजय शर्मा सरह समान रुपले कसुरमा सहभागिता जनाई सार्बजनिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निकायलाई रु.५३,६३,२५,०००।- र २७०औं बैठकको निर्णयबाट निर्माण कार्यमा पुनः सहजीकरण गर्न "कार्यकारी निर्देशकबाट पेश भएअनुसार ३०(तिस) लाख अमेरिकी डलर (ने.रू.३२,२८,६०,०००।-) पुनः थप पेश्की नेपाल सरकारले अपेक्षा गरेको समय सीमाभित्र मेलम्चीको पानी काठमाडौं ल्याउने प्रतिवद्धतासहित पेश हुन आएकोले निर्माण व्यवसायी कम्पनीको प्रस्तावलाई कार्यान्वयन गर्न समझदारी भएबमोजिमको थप पेश्की रकम उपलब्ध गराउन निर्णय गरी वाध्यात्मक निर्देशन दिई कानून तथा अधिकार विपरीत निर्णय गरी जम्मा रू. ८५,९१,८५,०००।- सरकारी सम्पत्तिको हानिनोक्सानी गराउने कार्यमा सहभागी भई निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको रकममध्ये अतिरिक्त पेश्की वापतको रकम बैंक जमानतसमेत बाट असुल उपर भए तापनि सो रकममा लाग्ने व्याज वापतको रकम रु.११,०९,१७,४५८।८८ (अक्षरेपि एघार करोड नौ लाख सत्र हजार चार सय अन्ठाउन्न पैसा अठासी) बिगो कायम गरी मागदाबी वमोजिम नै निजलाई सजाय हुनुपर्नेमा विशेष अदालतले प्रतिवादी रुद्रसिंह तामाङ्गलाई तत्कालीन मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्यलाई "नगद भुक्तानी गर्ने अधिकार नभएको" भन्दै सफाइ दिएको छ। Doctrine of Collective Responsibility तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ अनुसार सामूहिक निर्णयमा सहभागी सबै सदस्यहरू बराबर जिम्मेवार हुन्छन्। नगद भुक्तानी गर्ने अधिकार कार्यकारी निर्देशकसँग भए पनि बोर्डको अनुमोदन वा मौन सहमति बिना त्यस्तो भुक्तानी हुनै सक्दैन। प्रतिवादीले वयानमा आफू "केवल सामूहिक निर्णयमा सहभागी भएको" मात्र दाबी गरेका छन्, तर प्रमाण ऐन, २०३१ को दफा २८ (Burden of Proof) अनुसार आफ्नो सहभागिता वैधानिक थियो भन्ने प्रमाण पेस गर्न सकेको पनि देखिंदैन साथै, ADB को Aid Memoire र परामर्शदाताको चेतावनी पत्रहरूले बढी भुक्तानी तथा पेस्की कट्टी नगरेको विषयमा स्पष्ट चेतावनी दिइएको छ, तर प्रतिवादीले कुनै आपत्ति वा असहमति नजनाई Doctrine of Tacit Approval अन्तर्गत मौन स्विकृती जनाई , बोर्ड सदस्यको हैसियतमा प्रतिवादी रुद्रसिंह तामाङले आफ्नो कर्तव्यपालन नगरी गलत निर्णयलाई अनुमोदन गरेर भ्रष्टाचारलाई सहज बनाएको भन्ने प्रष्ट देखिरहेको अवस्थामा विशेष अदालतलवाट प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ ।<br>• **मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक प्रतिवादी घनश्याम भट्टराईको हकमा हेर्दा:** मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक तथा बोर्डको सदस्य-सचिव भई कार्य सम्पादन गर्दा निजले रनिङ्ग बिल IPC १८ देखि रनिङ्ग बिल IPC-३३ सम्म निर्माण व्यवसायी CMC लाई भुक्तानी दिने प्रक्रियामा संलग्न रहेको पुरानो निर्माण व्यवसायी CRCC-CMIIC JV ले निर्माणस्थल छाडेर गएका निर्माण सामग्री, मेशिन तथा उपकरणहरुको लगत, लेखाजोखा गरिएको र सो सम्पत्तिको तत्कालीन अवस्थासम्म प्रयोगको आधारमा भाडावापत् मूल्याङ्कनबाट रू.११,६६,०२,४३७।३१ को सरकारको स्वामित्वमा रहेको सम्पत्ति प्रयोग गरेवापतको रकम बिलबाट कट्टी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्नुपर्नेमा सो नगरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको ADB को Mission Report मा उल्लेख भएबमोजिम छलफल भएको बिषयलाई बोर्ड बैठकमा सदस्य-सचिवको हैसियतमा व्यवस्थापनको पक्षबाट निर्माण व्यवसायीलाई यस प्रकृतिको सहयोग पछि आवश्यक नपर्ने भन्ने शर्तमा र हाल आवश्यक आर्थिक सहयोग गर्ने गरी एजेण्डा लगी बोर्ड बैठकले वित्तीय सहजीकरण गर्न आवश्यक कार्य गर्न नीतिगत निर्देशन दिने निर्णय गर्दा छिटो बिल भुक्तानी, सम्झौताको शर्तवमोजिमको छिटो नयाँ दररेट स्वीकृति, पेश भएका भेरिएसनको छिटो स्वीकृति, Dispute Board को Award को तुरुन्तै कार्यान्वयन गर्ने, पेश भएको IPS को भुक्तानी वा provisional payment को व्यवस्था जस्ता कुनै पनि विकल्प प्रयोग नगरी नेपाल सरकारले विभिन्न दातृ निकायबाट व्याजसमेत तिर्ने गरी लिएको ऋणको रकम कानूनी प्रावधान तथा सम्झौता विपरीत बोर्डमा प्रस्ताव लैजाने तथा निर्णय प्रक्रियामा सहभागी भै अतिरिक्त पेश्कीको रुपमा US $ 5.0 Million भुक्तानी गरेको, नेपाल सरकारलाई कुनै आर्थिक लाभ वा बचत नै नहुने गरी Value Engineering को प्रस्ताव कार्यान्वयन गर्न भनी पुनः कानून विपरीत तथा सम्झौताको व्यवस्था विपरीत US $ 3.00 Million बोर्ड बैठकबाट स्वीकृत गराई अतिरिक्त पेश्की भुक्तानी गर्नाले ठेक्का सम्झौता विपरीत तथा कानूनी व्यवस्था विपरीतको Memorandum of Understanding (MOU) तयार गरी बोर्ड बैठकमा लगी बोर्डलाई समेत भ्रष्टाचारजन्य कार्यमा सहभागी गराई कानून तथा सम्झौताको प्रावधानभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेश्की रू.८५,९१,८५,०००।- भुक्तानी दिएको अतिरिक्त पेश्की रकम बैंक जमानतसमेत बाट असुल उपर भएतापनि सोमा लाग्ने व्याज रकम रु.११,०९,१७,४५८।८८ सहित रु.२२,७५,१९,८९६।१९ सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरे गराएको तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको हुँदा निजउपर रु.२२,७५,१९,८९६।१९ (अक्षरेपि बाइस करोड पचहत्तर लाख उन्नाईस हजार आठ सय छ्यान्बे पैसा उन्नाइस) बिगो कायम गरी आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादी घनश्याम भट्टराई, तत्कालीन कार्यकारी निर्देशक, लाई "परामर्शदाता र बोर्डको सिफारिसअनुसार मात्र भुक्तानी गरेको, MoU बोर्डले नै पास गरेको" भन्ने आधारमा सफाइ दिने गरी फैसला गरेको देखिन्छ ।कार्यकारी निर्देशक पद नै मेलम्ची आयोजनामा final approving authority हो, जसको हैसियतमा विवादित रकम असुल गर्ने वा कट्टी गर्ने प्रत्यक्ष जिम्मेवारी प्रतिवादीकै थियो भन्ने कुरामा विवाद देखिंदैन। Doctrine of Command Responsibility अन्तर्गत अन्तिम निर्णय गर्ने अधिकारीले आफूभन्दा अधीनस्थ वा सिफारिसकर्ताको गल्तीलाई आधार बनाएर जिम्मेवारीबाट उम्कन सक्दैन। मिसिलमा संलग्न IPC नं. ४१–४६ मा बढी भुक्तानी भई पेस्की रकम कट्टी नगरी भुक्तानी भएको भन्ने देखिन्छ, जुन प्रतिवादीको हस्ताक्षरसहितको दस्तावेजबाट पुष्टि हुन्छ। साथै, ADB को Aid Memoire, महालेखा परीक्षकको प्रतिवेदन र समितिका आन्तरिक पत्राचारले बारम्बार बढी भुक्तानीको चेतावनी दिएको अवस्थामा समेत कुनै सुधारात्मक कदम नचाल्नु Doctrine of Dereliction of Duty (कर्तव्यपालन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नगरेको सिद्धान्त) अन्तर्गत प्रत्यक्ष लापरबाही  गरेको भन्ने देखिरहेको साथै Doctrine of Public Accountability र Presumption of Responsibility of Public Officials अन्तर्गत सरकारी कोषको संरक्षण गर्ने दायित्व प्रतिवादीकै काँधमा थियो, जसलाई उनले उपेक्षा गरेको भन्ने देखिरहेको अवस्थामा प्रतिवादी घनश्याम भट्टराईलाई विशेष अदालतल काठमाण्डौंवाट सफाइ दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।<br>• **मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य प्रतिवादी चन्द्र बहादुर थापाको हकमा हेर्दाः** मेलम्ची विकास समितिको बोर्डको २६३औं, २७०औं र २८३औं क्रमशः डा. संजय शर्मा, भिम प्रसाद उपाध्याय र गजेन्द्र कुमार ठाकुरको अध्यक्षतामा भएका बैठकहरुबाट निर्माण व्यवसायी CMC di Ravena लाई मौजुदा कानून एवं समझौता विपरीत भुक्तानी दिने निर्णयमा मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्यको रुपमा सहभागी चन्द्र बहादुर थापाले अतिरिक्त पेश्की वापत बढी रकम उपलव्ध गराएकोमा सो पेश्की बैंक जमानतबाट असुल उपर भएतापनि सोमा लाग्ने लाग्ने तालिका २ मा उल्लेख भए बमोजिमको रकम रु.११,०९,१७,४५८।८८ तथा जफत भएका बस्तु तथा औजार र मेशीनरीको भाडा वापत रु.११,६६,०२,४३७।३१, प्रोभिजनल भुक्तानी वापत रु.१०,००,००,०००।— भेरियसन आदेश स्वीकृत नगरी भुक्तानी गरेको रकम रु.१०,६९,५९,२२६।६४ र सम्पन्न काममा बढी भुक्तानी वापत रु.२८,१३,५८,२२०।३६ समेत जम्मा रु.७१,५८,३७,६४३।१९ (अक्षरेपि एकत्तर करोड अन्ठाउन्न लाख सैतिस हजार छ सय त्रिचालिस पैसा उन्नाइस) सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी र निर्माण व्यवसायीलाई गैरकानूनी लाभ पुऱ्याएको देखिँदा निजउपर कुल बिगो रु.७१,५८,३७,६४३।१९ (अक्षरेपि एकत्तर करोड अन्ठाउन्न लाख सैतिस हजार छ सय त्रिचालिस पैसा उन्नाइस) कायम गरी आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादी चन्द्रबहादुर थापा, तत्कालीन बोर्ड सदस्यलाई "सामूहिक निर्णयमा मात्र सहभागी भएको र प्रत्यक्ष भुक्तानी गर्ने जिम्मेवारी नभएको" भन्ने आधारमा सफाइ दिएको देखिन्छ जुन Doctrine of Collective Responsibility र मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ सँग असंगत छ। बोर्ड सदस्यका हैसियतले विवादित भुक्तानीमा मौन सहमति जनाउनु वा गलत निर्णयलाई समर्थन गर्नु नै संलग्नताको पर्याप्त प्रमाण हो। मिसिलमा संलग्न बोर्ड बैठकका निर्णयहरुमा प्रतिवादी थापाको उपस्थिति र सहमति प्रष्ट देखिन्छ, जसले उनले भुक्तानी प्रक्रियालाई वैधता दिन भूमिका खेलेको पुष्टि गर्दछ। प्रतिवादीले आफ्नो वयानमा "केवल बोर्ड बैठकमा सहभागी भएको" दाबी गरे पनि, प्रमाण ऐन, २०३१ को दफा २८ (Burden of Proof) अनुसार आफ्नो सहभागिता वैधानिक थियो भन्ने प्रमाण देखाउने जिम्मेवारी प्रतिवादीकै थियो, जुन उनले पूरा गर्न सकेको पनि देखिंदैन यसरी प्रतिवादी चन्द्रबहादुर थापाले आफ्नो पदीय जिम्मेवारी पूरा नगरी गलत निर्णयलाई अनुमोदन गरेर भ्रष्टाचारलाई सहज बनाएको भन्ने मिसिल संलग्न प्रमाणवाट प्रष्ट देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला प्रमाण कानून र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | न्यायका मान्य सिद्धान्त विपरित रहेकोले उक्त फैसला वदर भागी छ।<br>• **मेलम्ची खानेपानी विकास समितिका तत्कालीन उपसचिव (लेखा) प्रतिवादी मणिभद्र न्यौपानेको हकमा हेर्दा**ः निज लेखा प्रमुखको हैसियतमा कार्य गर्दा आर्थिक कानून विपरीत अतिरिक्त मोबिलाइजेसन पेश्की भुक्तानी गरेको, भेरिएसन नं. १३ स्वीकृत नभएको अर्थात् सम्झौतामा उल्लिखित कार्यभन्दा फरक कार्यको भुक्तानी गरेको, रनिङ्ग बिल IPC-39 बाट Provisional Sum को रुपमा रु.१०,००,००,०००।- भुक्तानी गरेको तर सम्झौता र कानूनी प्रावधानबमोजिम IPC 40 बाट कट्टी वा समायोजन गर्नुपर्नेमा सो नगरेको, सम्झौताको शर्तबमोजिम पेश्की फछ्र्यौट नगरी भ्रष्टाचारजन्य कार्य गरेको देखियो। निजको पदस्थापन नै आर्थिक कानूनबमोजिम भुक्तानी हुने बिल भरपाईको भुक्तानी तथा नियमानुसार पेश्की फछ्र्यौट, राजस्व असूल, बेरुजु सम्परीक्षण आदि कार्य गर्नु गराउनु हो। कानून विपरीत भुक्तानी गर्न कार्यालय प्रमुख/बोर्डको निर्णय भएको अवस्थामा आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १२० को उपनियम (३) बमोजिम आर्थिक कारोवार सञ्चालन तथा भुक्तानी दिने सम्बन्धमा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबिचमा मतभेद भएमा कार्यालय प्रमुखको लिखित निर्णयअनुसार गरी यस्तो निर्णयको जानकारी आर्थिक प्रशासन शाखा प्रमुखले तालुक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा तुरून्त पठाउनुपर्नेमा सो कानूनी प्रक्रिया पूरा नगरी भ्रष्टाचारजन्य कार्यमा सहभागी भएको पुष्टि भएको छ। निजले कानून तथा सम्झौताको प्रावधानभन्दा बाहिर गई बोर्डको निर्देशन आदेशबमोजिम अतिरिक्त मोबिलाइजेसन पेश्कीको भुक्तानी दिए पनि निजको विवेक र सम्झौताको प्रावधान विपरीत भेरिएसन -१३ स्वीकृत नभई भुक्तानी गर्दा रू.१०,६९,५९,२२६।६४ नेपाल सरकारलाई हानिनोक्सानी गरेको, निर्माण व्यवसायीबाट सरकारको स्वामित्वमा रहेको निर्माण सामग्री, मेशिन तथा उपकरण प्रयोग गरेवापत् रु.११,६६,०२,४३७।३१ असूल नगरी हानिनोक्सानी गरेको तथा रनिङ्ग बिल IPC 39 मा सम्पादित वास्तविक कार्य चेकजाँच गरी सिफारिस नहुँदै निर्माण व्यवसायीलाई रु.१०,००,००,०००।- भुक्तानी गरी जम्मा रकम रू.३२,३५,६१,६६३।९५ बराबरको रकम सरकारी हानिनोक्सानी गराएको तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याएको हुँदा निजउपर रू.३२,३५,६१,६६३।९५ (अक्षरेपि बत्तिस करोड पैतिस लाख एकसट्ठी हजार छ सय त्रिसट्ठी पैसा पन्चानब्बे) बिगो कायम गरी सजाय गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादी मणिभद्र न्यौपाने, तत्कालीन लेखा उप–सचिवलाई "केवल लेखा परीक्षण गर्ने प्राविधिक भूमिका मात्र निर्वाह गरेको, अन्तिम भुक्तानी अधिकार नभएको" भन्ने आधार ग्रहण गरी निज प्रतिवादीलाई सफाई दिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिन्छ । लेखा अधिकारी वा उप–सचिवको परीक्षण बिना कुनै भुक्तानी निष्कासन हुन सक्दैन, त्यसैले "परीक्षण मात्र" भनेर दायित्वबाट उम्किन सकिँदैन। मिसिलमा संलग्न IPC नं. ४१–४६ का कागजातमा बढी भुक्तानी भएको र पेस्की रकम कट्टी नगरी रकम निस्केको प्रमाण छ, जसमा प्रतिवादी न्यौपानेको परीक्षण र सिफारिसले प्रत्यक्ष वैधानिकता प्रदान गरेको देखिन्छ। यसरी, प्रतिवादी मणिभद्र न्यौपानेले आफ्नो पदको कर्तव्यपालन नगरी अनियमित भुक्तानीलाई वैधता दिएको स्पष्ट देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदर भागी छ ।<br>• **तत्कालीन लेखा अधिकृत प्रतिवादी रामचन्द्र न्यौपानेको हकमा हेर्दा**ः विशेष अदालतले प्रतिवादी रामचन्द्र न्यौपाने, तत्कालीन लेखा अधिकृतलाई "भुक्तानी गर्ने प्रत्यक्ष अधिकार नभएको, केवल कागजी परीक्षण मात्र गरेको" भन्ने आधारमा सफाइ दिने गरी फैसला गरेको अवस्था देखिन्छ। लेखा अधिकृतको परीक्षण वा सिफारिस नै कुनै भुक्तानी स्वीकृत गर्नुपर्ने प्रारम्भिक कानूनी शर्त हो, त्यसैले उनको परीक्षणले विवादित रकमलाई वैधता दिएको प्रमाणित हुन्छ। मिसिलमा संलग्न IPC नं. ४१–४६ मा बढी भुक्तानी भएको, पेस्की रकम कट्टी नगरी रकम वितरण भएको तथ्य देखिन्छ, जसमा निज प्रतिवादीको परीक्षण र सही छाप प्रष्टै अंकित छ। प्रतिवादीले आफ्नो वयानमा "अन्तिम निर्णय गर्ने अधिकारी नभएको" दाबी गरे पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ अनुसार सिफारिस वा परीक्षणमार्फत कसुर कार्यलाई सहज बनाउने व्यक्ति पनि बराबरी उत्तरदायी हुन्छ। साथै, प्रमाण ऐन, २०३१ को दफा २८ (Burden of Proof) अनुसार आफ्नो परीक्षण वैध थियो भन्ने प्रमाण देखाउने जिम्मेवारी प्रतिवादीमा नै रहन्छ , जुन निज प्रतिवादीले पेश गर्न सकेको अवस्था देखिंदैन । ADB को Aid Memoire र परामर्शदाताको चेतावनीलाई उपेक्षा गरी विवादित भुक्तानीलाई स्वीकृति दिनु Doctrine of Tacit Approval अन्तर्गत मौन अनुमोदन हो। यसरी प्रतिवादी रामचन्द्र न्यौपानेले आफ्नो पदीय जिम्मेवारी पूरा नगरी बढी भुक्तानीलाई वैधानिकता प्रदान गरेको भन्ने देखिरहेको अवस्थामा निजलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदर भागी छ ।<br>• **तत्कालीन लेखा उप–सचिव प्रतिवादी केदारप्रसाद अर्यालको हकमा हेर्दाः** विशेष अदालतले प्रतिवादी केदारप्रसाद अर्याल, तत्कालीन लेखा उप–सचिवलाई "प्रत्यक्ष भुक्तानी गर्ने अधिकार नभएको, केवल कागजी परीक्षण गरेको" आधारमा सफाइ दिएको छ। तर यस्तो ठहर Doctrine of Fiduciary Duty र Doctrine of Dereliction of Duty सँग असंगत छ। लेखा उप–सचिवको प्रमुख दायित्व भनेकै सार्वजनिक कोषको सुरक्षाका लागि बढी भुक्तानी रोक्ने र पेस्की रकम समयमै समायोजन गर्ने हो। मिसिलमा संलग्न IPC नं. ४१–४६ मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बढी भुक्तानी भएको र कट्टी नगरी रकम वितरण भएको स्पष्ट देखिन्छ, जुन प्रतिवादी अर्यालको परीक्षण र सिफारिसकै आधारमा वैध ठहर भएको हो। प्रतिवादीले आफ्नो वयानमा “मसँग अन्तिम अधिकार थिएन” भन्ने बचाउ गरे पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ३१ अनुसार अपराधलाई सहज बनाउन सिफारिस वा परीक्षण गर्ने सबै व्यक्ति बराबरी उत्तरदायी हुन्छन्। साथै, प्रमाण ऐन, २०३१ को दफा २८ (Burden of Proof) बमोजिम आफ्नो परीक्षण वैध थियो भन्ने प्रमाण प्रस्तुत गर्ने जिम्मेवारी प्रतिवादीकै थियो, जुन उनले पूरा गर्न सकेका छैनन्। त्यस्तै, प्रमाण ऐन, दफा ३५ (Documentary Evidence) बमोजिम IPC भुक्तानीका लिखित कागजात मौखिक वयानभन्दा बढी प्रमाणिक हुन्छन् र ती कागजातले प्रतिवादी अर्यालको प्रत्यक्ष संलग्नता पुष्टि गरेका छन्। साथै, ADB को Aid Memoire र परामर्शदाताको चेतावनीलाई वेवास्ता गरी विवादित भुक्तानीलाई वैधानिकता दिनु Doctrine of Tacit Approval अन्तर्गत मौन अनुमोदन हो। यसरी प्रतिवादी केदारप्रसाद अर्यालले आफ्नो पदीय दायित्व पूरा नगरी गलत भुक्तानीलाई सहज बनाएको प्रमाणित भएकाले विशेष अदालतको सफाइ दिने ठहर खारेज भई उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम उत्तरदायी ठहर गरिनुपर्ने स्पष्ट आधार रहेको छ।<br>• **तत्कालीन लेखा उप-सचिव प्रतिवादी वेगनाथ पौडेल को हकमा हेर्दाः** निज प्रतिवादीले लेखा परीक्षणकर्ताको हैसियतमा मात्र काम गरेको साथै कुनै रकम भुक्तानी गर्ने निर्णयमा सहभागी नभएको साथै निजले कुनै अनियमितता वा भ्रष्टाचारमा प्रत्यक्ष संलग्नता रहेको भन्ने मिसिल संलग्न प्रमाणवाट प्रमाणित हुन नसकेको भन्ने आधार ग्रहण गरी विशेष अदालत काठमाण्डौंवाट फैसला भए तर्फ हेर्दा निज प्रतिवादीले आर्थिक कार्यविधि ऐन/नियमको अधिनमा रहि विषम परिस्थितिको अवस्थामा कार्यालय प्रमुखले निर्णय गरी कार्यन्वयन गर्न लगाएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १२० को उपनियम (३) बमोजिम आर्थिक कारोवार सञ्चालन तथा भुक्तानी दिने सम्बन्धमा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखबिचमा मतभेद भएमा कार्यालय प्रमुखको लिखित निर्णयअनुसार गरी यस्तो निर्णयको जानकारी आर्थिक प्रशासन शाखा प्रमुखले तालुक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा तुरन्त पठाउनुपर्नेमा सो कानूनी प्रक्रिया पूरा गरेको भन्ने समेत मिसिल संलग्न कागजातवाट देखिन नआएको अवस्थामा निज लेखा अधिकारी भ्रष्टाचारजन्य कार्यमा सहभागी भएको भन्ने पुष्टि भईरहेको साथै निजले आफ्नो परीक्षण प्रतिवेदन वा लेखापरीक्षण टिप्पणीमार्फत अनियमितता वा अवैध भुक्तानीको प्रक्रिया रोक्नुपर्ने दायित्व पूरा नगरी मौन सहमति जनाएको भन्ने प्रष्ट देखिरहेको अवस्था छ। यसरी कार्य सम्पादनमा देखाइएको लापरबाही, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कर्तव्य विमुखता र बेवास्ताले भ्रष्टाचारजन्य कार्यलाई प्रश्रय दिएको प्रमाणित हुन्छ। विशेष अदालतले यी प्रमाण र कानूनी सिद्धान्तलाई नजरअन्दाज गरी निजलाई सफाई दिने गरी भएको फेसला 'Public Accountability', 'Doctrine of Collective Responsibility' र 'Reckless Disregard of Duty' जस्ता स्थापित सिद्धान्त विपरित रहेकोले उक्त त्रुटिपूर्ण फैसला वदर भागी छ।<br>• **प्रतिवादी भोजबिक्रम थापा (सिनियर डिभिजनल इन्जिनियर)को हकमाः** निजको भूमिका प्राविधिक मूल्यांकन र रिपोर्टिङमा मात्र सीमित रहेको भन्ने देखिएको निजको प्रस्तुत मुद्दामा कुनै व्यक्तिगत संलग्नता वा बदनियत रहेको भन्ने नदेखिएको आधार ग्रहण गरी सफाई दिएको तर्फ हेर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व ऐन, २०७६ को दफा ५३ (जवाफदेहिता हुनु पर्नेः उपदफा (२) बमोजिम "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली ऐवं प्रचलित कानून बमोजिम कारोवारसंग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने , पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसंग सम्बन्धित कारोबारको जिम्मेवारी वहन गर्नु पर्नेछ र त्यस्तो कामको सम्बन्धमा निज आफै जवाफदेही हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको र निज भोज बिक्रम थापाले बढी भुक्तानी, भेरिएसन स्वीकृत नभएको बिलको भुक्तानी, प्रत्येक IPC मा आगामी बिलमा रकम समायोजन गर्ने परामर्शदाता लिखित प्रतिबद्धता बमोजिम उक्त रकम समायोजन नगरेको बिल, असुल गर्नु पर्ने Rental Charge समावेश नभएको बिल सधै ठिक छ भनी सिफारिस गर्दा निजले आफुले पाएको अख्तियारीको दुरुपयोग गरेको साथै निज निर्णायक भुमिकामा नरहे पनि निर्णय प्रभावित गर्न गरेको प्रयासलाई अन्यथा भनिरहन नपर्ने अवस्था समेतलाई अन्देखा गरी विशेष अदालत काठमाण्डौंवाट निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला वदर भागी छ।<br>• विशेष अदालतले गजेन्द्रकुमार ठाकुर, सूर्यराज कँडेल, रामचन्द्र देवकोटा, शिवकुमार शर्मा, EPTISA, BETS र CMC di Ravenna लगायत सात जना प्रतिवादीहरूको संलग्नता प्रमाणित भए तापनि अभियोग दाबीभन्दा कम बिगो कायम गरी, मिसिलमा संलग्न लेखापरीक्षण प्रतिवेदन, प्राविधिक परीक्षण तथा बयानहरूले प्रतिवादीहरूको प्रत्यक्ष दायित्व र अनियमितता स्पष्ट देखाईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी अदालतले प्रमाणलाई गलत मूल्यांकन (misappreciation of evidence) गरी कम विगो कायम गरी भएको फैसला "*proportionality of punishment*" को सिद्धान्तअनुसार त्रुटिपूर्ण देखिदा निज प्रतिवादीहरुलाई अभियोग दाबीअनुसार सम्पूर्ण बिगो कायम गरी वादी नेपाल सरकारको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मागदावी वमोजिम नै सजायँ हुनुपर्नेमा उक्त मिशिल संलग्न प्रमाणहरुको विवेचना नगरि भएको फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी छ ।<br>•<br>• **अतः** विशेष अदालत, काठमाण्डौबाट उपरोक्त उल्लेखित मिशिल संलग्न आधार कारण र प्रमाणहरुको न्यायिक मुल्यांकन विश्लेषण नगरि प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर, सूर्यराज कँडेल, रामचन्द्र देवकोटा, शिवकुमार शर्मा, EPTISA, BETS र CMC di Ravenna लाई अभियोग दावी भन्दा कम बिगो कायम गरि माग दावी भन्दा कम सजाय हुने गरी भएको फैसला एवं आरोप पत्रमा प्रतिवादी कायम गरिएका अन्य प्रतिवादीहरु डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, घनश्याम भट्टराई, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, केदारप्रसाद अर्याल, वेगनाथ पौडेल र भोजबिक्रम थापालाई सफाइ दिने ठहर गरी भएको उक्त फैसला पुनरावेदक पदमनाथ पोखेल विरुद्ध वादी नेपाल सरकार, ने.का.प २०६८, नि.नं. ८५९० मा प्रतिपादित **"राष्ट्रसेवक कर्मचारीले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफू वा अरु कसैलाई गैरकानूनी रुपमा लाभ पुऱ्याउने र सरकारी स्वामित्व भएको सार्वजनिक संस्थानलाई गैरकानूनी रुपमा हानि नोक्सानी पुऱ्याउने गरी गरेको कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा १३ मा भएको भ्रष्टाचारजन्य कसुरको परिभाषाअन्तर्गत पर्ने"** सिद्धान्त समेतको आधारमा त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदाबी बमोजिम नै सजाय गरिपाउन सादर अनुरोध छ । |